नेपाल सरकार
शिक्षा मन्त्रालय

# शिक्षा विभाग

(शैक्षिक व्यवस्थापन महाशाखा)
सानोठिमी, भक्तपुर

प.सं. : २०७३/०७४
चलानी नं. : ८८

मिति :- २०७४/०९/१९

नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग
सानोठिमी, भक्तपुर

विषय :- सवै स्थानीय तहहरुलाई अनुरोध ।

नेपालको संविधानको अनुसुची ८ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२) ज को कार्यान्वयनको सिलसिलामा विभिन्न स्थानीय तह र जिल्ला शिक्षा कार्यालयमा अन्योल हुन गई विविधता भएको जानकारी प्राप्त हुन आएकोले वालवालिकाहरुको गुणस्तरीयशिक्षामा समान पहुँच सुनिश्चित गर्ने कार्यमा नेपाल सरकारबाट सञ्चालनमा ल्याइएको विद्यालय क्षेत्र विकास कार्यक्रम र अन्य शैक्षिक कार्यक्रमहरुको प्रभावकारी ढंगवाट कार्यान्वयन गर्न निम्नानुसार सहयोग र सहकार्यका लागि शिक्षा विभाग को मिति २०७४/०९/१९ को निर्णयानुसार अनुरोध गरिन्छ ।

१) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२) (ज) ले स्थानीय तहको शिक्षा सम्वन्धी काम कर्तव्य र अधिकार स्पष्टरुपमा उल्लेख गरेको हुदा विगतमा जिल्ला शिक्षा कार्यालयहरुबाट हुदै आएका उक्त कार्यहरु अव उप्रान्त सम्वन्धित स्थानीय तहबाटै सम्पादन गर्नुपर्ने भएकोले ती कार्यहरु कार्यान्वयनका लागि जिल्ला शिक्षा कार्यालयवाट आवश्यक प्राविधिक सहयोग, समन्वय र सहजिकरण गर्नका लागि शिक्षा विभागवाट जिल्ला शिक्षा कार्यालयहरुलाई यस पूर्व नै निर्देशन दिइसकिएकोले सोही अनुसार हुन ।

२) संघ, प्रदेश र स्थानीय तहमा सम्वन्धित विषयका कानून नवनिसकेको अवस्थामा स्थानीय तहहरुबाट शिक्षा सम्वन्धी काम कर्तव्य र अधिकार कार्यान्वयन गर्दा के कस्तो कार्यविधि अपनाउने भन्ने विषयमा द्विविधा भएको खण्डमा शिक्षा ऐन २०२८(संशोधन समेत), शिक्षा नियमावली २०५९(संशोधन समेत), शिक्षक सेवा आयोग नियमावली (२०५७ संशोधन समेत), नेपाल सरकारबाट जारी कार्यादेश लगायत प्रचलित कानुनले व्यवस्था गरेका आधार तथा मापदण्डहरुलाई नै सम्वन्धित स्थानीय तहबाट निर्णय गराई कार्यान्वयन गर्दा उपयुक्त हुने ।

३) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२) ज मा उल्लेख भएका विषयहरु वाहेकका शिक्षासँग सम्वन्धित अन्य कार्यहरु नयाँ ऐन तथा नियमावलीवाट अर्को व्यवस्था नभए सम्म वा नेपाल

सरकारवाट अर्को निर्णय नभएसम्म जिल्ला शिक्षा कार्यालयहरुवाट नै सम्पादन हुनुपर्ने देखिन्छ। ती कार्यहरु कार्यान्वयनका सम्वन्धमा सम्वन्धित स्थानीय तहको समन्वय र सिफारिसमा जिल्ला शिक्षा कार्यालयहरुवाट शिक्षा ऐन, शिक्षा नियमावली, शिक्षक सेवा आयोग नियमावली तथा अन्य प्रचलित नियम कानूनको अधिनमा रही सम्पादन हुनुपर्ने भएकोले सोका लागि आवश्यक समन्वय र सहयोग गरिदिनुहुन।

४) आर्थिक बर्ष २०७४/२०७५ को शिक्षा सम्वन्धी वजेट तथा कार्यक्रममध्ये केहि शिर्षकका बजेट तथा कार्यक्रमहरु अर्थ मन्त्रालयबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण मार्फत स्थानीय तहमा गएको र केही शिर्षकमा वजेट तथा कार्यक्रम शिक्षा विभागवाट जिल्ला शिक्षा कार्यालयमा गएको। अन्तर सरकारी वित्तिय हस्तान्तरण मार्फत निकासा भएको रकम तोकिएको शर्त वमोजिम विद्यालयमा निकासा हुन र शिक्षक तलवभत्तामा नपुग भएको रकम जिल्ला शिक्षा कार्यालय मार्फत शिक्षा विभागमा माग्नु हुन। जिल्ला शिक्षा कार्यालयमा गएको बजेट तथा कार्यक्रम जिल्ला शिक्षा कार्यालयहरुले विद्यालयहरुमा निकासा दिदा सम्वन्धित स्थानीय तहहरुसँग समन्वय गरी गर्ने। यस्ता निर्धारित कार्यहरु जिल्ला शिक्षा कार्यालयहरुबाटै कार्यसम्पन्न गरी खर्चको प्रगती प्रतिवेदन शिक्षा विभागमा पठाउनु पर्ने नितीगत व्यवस्था भएकोले सोही अनुसार हुन।

५) आधारभूत तहको अन्तिम परीक्षाको सञ्चालन व्यवस्थापनको सम्वन्धमा शिक्षा विभागबाट विगतमा भएको परीपत्र अनुसारनै हुने गरी व्यवस्थापन गर्नुपर्ने भएकोले तँहावाट माग भएको प्राविधिक सहयोग र सहजिकरण जिल्ला शिक्षा कार्यालयवाट हुने भएकोले सोही अनुसार हुन।

६) विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वनको सन्दर्भमा नेपाल सरकारले विकास साझेदारहरुसँग गरेको सहमति र सम्झौता वमोजिम कार्यसम्पन्नताको आधारमा मात्र सरकारले सोधभर्ना पाउने व्यवस्था छ। अन्तर सरकारी वित्तिय हस्तान्तरण मार्फत स्थानीय तहमा गएको शिक्षाको बजेट तथा कार्यक्रमको प्रगति विवरण शिक्षा विभागबाटै तयार गरी विकासका साझेदारहरु समक्ष प्रस्तुत गर्ने व्यवस्था भएकोले सवै स्थानीय तहहरुले शिक्षा विभागले तयार पारेको अनलाइन रिपोर्टिङ प्रणालीमा आफ्नो प्रगति प्रविष्टि गर्नुपर्ने हुन्छ। यसको लागि शिक्षा बिभागको वेब साइट **www.doe.gov.np** मा लग इन गरी **Report entry** गर्नुपर्नेछ । यसका लागि स्थानीय तहवाट प्राविधिक सहयोग माग भएको अवस्थामा जिल्ला शिक्षा कार्यालयहरुवाट उक्त सहयोग उपलव्ध गराउनु पर्ने छ। २०७४ चैत्र २३ गते भरिने फ्ल्यास रिपोर्ट II र २०७५ जेठ ७ गते भरिने फ्ल्यास रिपोर्ट I सवै विद्यालयहरुले तोकिएको समयभित्र भरी

स्रोतकेन्द्र एवम् जिल्ला शिक्षा कार्यालयमा संकलन गर्नुपर्ने हुदाँ सोही अनुसार आवश्यक सहयोग र समन्वय हुन ।

७) केही स्थानीय तहहरुबाट जिल्ला शिक्षा कार्यालयहरुको सम्पत्ति स्थानीय तहहरुमा हस्तान्तरण गर्न सम्वन्धित जिल्ला शिक्षा कार्यालयहरुलाई पत्राचार भएको सन्दर्भमा शिक्षा विभाग अन्तरगतका निकायहरुको सम्पत्ति विवरण तयार गरी पठाउन पत्राचार समेत भई सकेको छ । सम्पत्ति हस्तान्तरण सम्वन्धी व्यवस्था तोकिएको विधि र प्रक्रिया अनुसार हुने नै छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११(२) ज ले तोकेका कार्यहरुवाहेक शिक्षा सम्वन्धी अन्य कार्यहरु हाल जिल्ला शिक्षा कार्यालयवाट सम्पादन गर्नुपर्ने हुदाँ नेपाल सरकारले निर्णय गरे वमोजिम संरचना र कामको स्वरुप र जिम्मेवारी निर्धारण भए पश्चात त्यसै अनुरुप हुने हुदाँ सोही वमोजिम हुन ।

०७५।३।१९

केशव प्रसाद दहाल
निर्देशक

बोधार्थ :

श्री शिक्षा मन्त्रालय , सिंहदरवार काठमाण्डौ
श्री संघीय ममीला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार काठमाण्डौ
श्री सवै क्षेत्रीय शिक्षा निर्देशनालयहरु